# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नम्बर :


मितिः २०८२/०६/२७

**मालारानी गाउँकार्यपालिकाको प्रशासकीय भवनको छेउमा चमेना गृह (क्यान्टिन) संचालन सम्बन्धी सिलबन्दी दरभाउपत्र प्रस्ताव आव्हानको सूचना ।**

सूचना प्रकाशित मितिः २०८२/०६/२७

यस गाउँपालिकाको परिसर भित्र गाउँपालिका पदाधिकारी, कर्मचारी तथा काम विशेषले गाउँपालिका आउने सेवाग्राही स्वयंले भुक्तानी गर्ने गरी तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही खाजा/ खाना उपलब्ध गराउने गरी क्यान्टिन संचालन गर्नुपर्ने भएको हुँदा इच्छुक फर्म/व्यवसायीले यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र कार्यालय समयमा रु.१००० (अक्षयरुपी एक हजार मात्र) दस्तुर तिरी चमेनागृह संचालन संम्बन्धी प्रस्ताव फारम खरिद गरी संलग्न खाना/खाजाको परिकार र इकाई अनुसारको दररेट भन्दा नबढ्ने गरी र चमेना गृह निर्माण र संचालन कार्यको लागि जग्गा प्रयोग गरेबापत मासिक न्यूनतम भाडा रु १००० ।– भन्दा बढी कबोल गरी सिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । चमेना गृह (क्यान्टिन) संचालन गर्ने सम्बन्धि थप शर्तहरु तथा जानकारीका लागि कार्यालयको जिन्सी शाखामा सम्पर्क गर्नुहुन समेत जानकारी गाराइन्छ ।

शर्तहरुः

- खामबन्दी दररेट साथ फर्म दर्ता प्रमाणपत्र, संचालनको नागरिकता प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र संलग्न गर्नु पर्ने छ ।सिलबन्दी खामको बाहिर प्रस्ताव दाताले नाम थर, ठेगाना र सम्पर्क नम्वर स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । सिलबन्दी प्रस्ताव ८औं दिनको २ बजे खोलिनेछ । प्रस्तावदाता वा निजको प्रतिनिधिको उपस्थिति नभए पनि प्रस्ताव फारम खोल्न बाधा पर्ने छैन ।प्रस्ताव खोलिने दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिनको भोलिपल्ट प्रस्ताव खोलिने छ ।
- सरसफाई जन्य पानी व्यवस्था कार्यालयबाट हुने छ ।
- चमेनागृहका लागि छुट्टै विद्युत मिटर जडान हुने र उक्त मिटरमा उठेको विलको भुक्तानीको दायित्व चमेना गृह संचालनको हुनेछ ।
- चमेना गृहका लागि आवश्यक पर्ने जग्गा कार्यालयले उपलब्ध गराउनेछ । अन्य चमेना गृह निर्माण लगायत अन्य सबै फर्निसिङ् र भाडा बर्तनको व्यवस्था संचालक स्वयंले गर्नु पर्ने छ ।
- कार्यालयबाट कुनैपनी कार्यक्रमको लागि अर्डर गरिएको खाजा /खानाको दररेट मालारानी गाउँपालिकाको खर्चको मापदण्डमा भएको व्यवस्था नबढ्नेगरी उपलब्ध गराउनु पर्नेछ ।
- म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्त राखी पेश भएका दरभाउपत्रलाई मान्यता दिइनेछैन ।
- क्यान्टिन संचालकले खाद्य स्वच्छताको आधारमा होटल रेस्टुरेन्ट स्तरीकरण गर्ने सम्बन्धि निर्देशिका, २०७४ मा भएका व्यवस्थाको पूर्ण पालना गर्नुपर्ने छ । सरसफाई प्रतिको प्रतिबद्धता र गुणस्तरीयता कायम राख्नु चमेना गृह (क्यान्टिन)संचालकको दायित्व हुनेछ ।कानुनी अधिकार प्राप्त निकाय र गाउँपालिकाबाट समय-समयमा चमेना गृह (क्यान्टिन) बाट उपलब्ध गराइने खाद्य परिकारको परिमाण, गुणस्तर एवं चमेना गृह वरपर सरसफाई, लगायत सेवा-प्रवाह सन्तोषजनक नभएको पाइएमा आवश्यक निर्णय गरी जुनसुकै बखत हटाउन सकिनेछ ।
- अन्य कुराहरुको हकमा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

२०८२/६/२८
गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

मालारानी गाउँपालकाको चमेना गृह संचालन सम्बन्धी सिलबन्दी दरभाउपत्र प्रस्ताव फारम

| क्र.स | खाद्य परिकारको नाम | प्रति इकाई | मुल्य रु | प्रस्तावित रकम | |
|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा |
| १ | दुध चिया | प्रति कप | २० | | |
| २ | कालो चिया | प्रति कप | १५ | | |
| ३ | दुध कफी | प्रति कप | ५० | | |
| ४ | ब्ल्याक कफी | प्रति कप | ३० | | |
| ५ | लेमन टी | प्रति कप | १५ | | |
| ६ | भेज खाना सेट | प्रति सेट | १५० | | |
| ७ | चिकेन खाना सेट | प्रति सेट | २५० | | |
| ८ | मटन खाना सेट | प्रति सेट | ३५० | | |
| ९ | बोयल अन्डा | प्रति गोटा | २५ | | |
| १० | चाउचाउ फ्राई | प्रति प्लेट | ५० | | |
| ११ | चाउचाउ सुप | प्रति प्लेट | ४० | | |
| १२ | दही | प्रति कप | ४० | | |
| १३ | दुध | प्रति कप | ४० | | |
| १४ | परौठा | प्रति गोटा | ३० | | |
| १५ | सेल रोटी | प्रति गोटा | २० | | |
| १६ | जेरी/पुरी | प्रति गोटा | २० | | |
| १७ | समोसा | प्रति गोटा | २० | | |
| १८ | भेज म:म | प्रति प्लेट | ८० | | |
| १९ | चिकेन म:म | प्रति प्लेट | १२० | | |
| २० | भेज चाउमिन | प्रति प्लेट | ८० | | |
| २१ | चिकेन चाउमिन | प्रति प्लेट | १२० | | |
| २२ | अन्डा चाउमिन | प्रति प्लेट | १०० | | |
| २३ | गहुँको रोटी | प्रति गोटा | २० | | |
| २४ | मिनरल वाटर | प्रति बोतल | २० | | |
| २५ | चना अन्डा | प्रति प्लेट | ५० | | |
| २६ | जेरी/पुरी/तरकारी | प्रति प्लेट | १०० | | |
| २७ | खिर | प्रति प्लेट | १२० | | |

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | मासु चिउरा (चिकेन) | प्रति प्लेट | १५० | | |
| २९ | मासु चिउरा (मटन) | प्रति प्लेट | २०० | | |
| ३० | फापरको रोटी | प्रति गोटा | ५० | | |
| ३१ | मिक्स फलफुल | प्रति प्लेट | १०० | | |
| ३२ | मिक्स अचार | प्रति प्लेट | ५० | | |
| ३३ | भुटन (खसिको) | प्रति प्लेट | १५० | | |
| ३४ | लस्सी (काजु, बदाम,केरा) | प्रति ग्लास | १०० | | |
| ३५ | अमलेट/अन्डा | प्रति प्लेट | ३० | | |
| ३६ | डोनट | प्रति गोटा | ३० | | |
| ३७ | मिक्स तरकारी | प्रति प्लेट | ३० | | |
| ३८ | ग्रीन सलाद | प्रति प्लेट | ५० | | |
| ३९ | फ्राई राइस | प्रति प्लेट | १०० | | |
| ४० | चिकेन/माछा/मटन | प्रति प्लेट | १००/१००/१५० | | |

नोटः (क) हरेक वस्तुको रकम अक्षर र अंकमा स्पष्टसँग उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

(ख) प्रस्तावित फारममा प्रस्तावदाताको दरखास्त तथा फर्मको छाप अनिवार्य हुनुपर्ने छ ।

प्रस्तावदाता व्यक्ति/फर्मको नामः

ठेगानाः

सम्पर्क नं.

दस्तखतः

मितिः

फर्मको छापः

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत